मितिः

श्रीमान् अध्यक्ष ज्यू,
कैलाश यात्रा संचालक संघ,
का.म.न.पा-२६, काठमाण्डौं, नेपाल ।

बिषयः कबुलियतनामा सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा म ............................................ को अध्यक्ष/प्रबन्ध निर्देशक/संचालक ........................................... कम्पनीको तर्फबाट कैलाश यात्रा संचालक संघ नेपालको विधान, साधारण सभा तथा कार्यसमितिले गरेको निम्न निर्णय बमोजिमका शर्तहरूलाई पूर्ण पालन गर्ने गरी यस संघको सदस्य बन्नको लागी संघले निर्धारण गरेको यस कबुलियतनामा मा पूर्ण मन्जुर रहि हस्ताक्षर गरि दिएको छु ।

१) म र मेरो कम्पनी यस संघको विधान र साधारणसभा तथा कार्यसमितिको निर्णयलाई पूर्ण पालना गर्न मन्जुर गर्दछ । साथै सदस्यता शुल्क समयमै भुक्तानी गर्नेछु ।

२) म यस संस्थामा आवद्ध सदस्यहरूको हितको प्रतिकुल हुने गरि आफ्नो व्यपार व्यवसायलाई मात्र मध्यनजर गरी बजारमा अस्वस्थ प्रतिस्पर्धा गर्ने छैन ।

३) म यस संस्थाको सदस्यता ग्रहण गरेपश्चात् संस्थाले बनाएको निति/नियम भन्दा बाहिर गई बजारमा अस्वस्थ प्रतिस्पर्धामा गई अन्य सदस्यहरूले भन्दा कम दर/रेटमा बजारमा प्रतिस्पर्धा गर्ने छैन ।

४) म यस संस्थामा आवद्ध सदस्यहरूले काम गरिरहेको एजेन्सी संग काम गर्नुपरेको अवस्थामा निज एजेन्सीले पुरानो सदस्य,संस्था वा एजेन्सी संग कार्य गर्दा निज संस्थामा कुनै बाकि वक्यौता रहे नरहेको एकीन गरी यदि वाकि बक्यौता रहेको भए सो चुक्ता गर्न लगाई मात्र त्यस्ता एजेन्सीहरू संग कारोवार शुरू गर्नेछु ।

५) म यस संस्थामा आबद्ध सबै सदस्यहरूसंग मित्रवत व्यवहार गर्ने छु । यस संघमा आवद्ध सदस्यहरूलाई यात्रा संचालनको समयमा पर्न जाने समस्याहरूलाई समेत एक आपसमा मिलि समाधान गर्न पूर्ण मन्जुर रहेको छु । साथै यस संघमा आवद्ध सम्पूर्ण सदस्यहरूको व्यपार व्यवसायमा समानता रहेको हुदा प्रतिस्पर्धी बजारमा कार्य गर्दा कुनै सदस्यहरूको विषयमा अनावश्यक टिका टिप्पणी गर्ने छैन ।

६) म माथि उल्लेखित बुदाहरूलाई पालन नगरी संस्था तथा सदस्यहरू लाई बाधा पुग्ने गरी कुनै कार्य गरिएको भेटिएमा कारवाही गर्ने कार्य समितिको निर्णयलाई सम्पूर्ण सदस्यहरूको दुई तिहाईले पारित गर्ने जस्तो सुकै कारवाहिलाई सहज रूपमा ग्रहण गर्न मन्जुर गर्दछु । त्यस्तो कारवाहिको विषयमा कहि कतै उजुर बाजुर गर्ने छैन ।

हस्ताक्षर :...................... दाँयाः वाँयाः

कम्पनीको नाम :............................

कम्पनीको संचालक अध्यक्ष/संचालक वा प्रतिनिधिको नाम :......................................

यस संघमा ................................................................ कम्पनीलाई सदस्यता प्रदान गर्न प्रस्ताव गर्ने कम्पनीको नाम/संचालकको नाम :..........................................

यस संघमा ................................................................ कम्पनीलाई सदस्यता प्रदान गर्न समर्थन गर्ने कम्पनीको नाम/संचालकको नाम :.....................................................